**पोखराको लेकसाइडमा चाईनिज भाषाको कक्षा**

पोखराको लेकसाइडमा चाईनिज भाषाको कक्षा सञ्चालन भइरहेको छ। १० वर्षको अनुभव प्राप्त चाईनिज शिक्षकद्वारा चाईनिज भाषाको कक्षा सञ्चालन भइरहेको हुदाँ ईच्छुक व्यक्तिहरुले तुरुन्त सम्पर्क राख्नुहोला ।

*नोट : विशेष ट्रेकिङ्ग गाईड, अफिस म्यानेजर, प्रोजेक्टमा काम गर्ने, पर्यटन व्यवसायीहरुमा काम गर्नेहरुका साथै हङकङ,बेजिङ्ग, मकाउ अध्ययन गर्न जानका लागि अति उत्तम।*

सम्पर्कः BEAUTIFUL POKHARA ADV.P.LTD.
CHINESE CULTURE CENTER, LAKESIDE-6, POKHARA
Ph:- 061-464060, 9846038382

राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक २४ ○श्रेणी 'क' ○२०७२ असोज २४ गते आइतबार ○ 11 Oct. 2015 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

**खुशीको खबर !!!**

योग निद्रा सिकेर आफूलाईं रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।

मोवाइल : ९८१६१०२२१६

## प्रधानमन्त्री दौडमा कोइराला र ओली

**गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं २३ असोज ।**





आइतबार हुने प्रधानमन्त्री निर्वाचनमा कांग्रेस सभापतिसमेत रहेका कामचलाउ प्रधानमन्त्री सुशील कोइराला र एमाले अध्यक्ष केपी शर्मा ओली मैदानमा उत्रिएका छन् । २० महिनासम्मको गठबन्धन तोड्दै कोइराला र ओलीले प्रधानमन्त्रीका लागि मनोनयन दर्ता गराएका छन् । ओलीलाई तेस्रो ठूलो दल एमाओवादीसहित केही १६ साना दलको समर्थन छ । कोइरालाको पक्षमा शनिबार रातिसम्म कुनै दलले समर्थन जनाएका छैनन् ।

सहमतीय सरकार बनाउन असफल भएपछि सुरु भएको बहुमतीय प्रक्रियामा दुई ठूला दलले अर्काको नेतृत्व स्वीकार नगरेपछि अन्ततस् मतदानबाटै मुलुकले ३८ औं प्रधानमन्त्रीको छिनोफानो हुनेछ । शनिबार सुरुमा ओलीले उम्मेदवारी दर्ता गराए । ओलीको उम्मेदवारीमा प्रस्तावक एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल छन् भने समर्थकमा राप्रपा नेपालका अध्यक्ष कमल थापासहित १६ दल तथा एक स्वतन्त्र संसद् छन् ।

ओलीको समर्थकमा राप्रपा नेपालका कमल थापा, राप्रपाका दिपक बोहरा, नेकपा मालेका सिपी मैनाली, राष्ट्रिय जनमोर्चाका चित्रबहादुर केसी, बहुजन शक्ति पार्टीका विश्वेन्द्र पासवान, जनमुक्ति पार्टीका शिवलाल थापा, समाजवादी पार्टीका प्रेमबहादुर सिंह, अखण्ड नेपालका कुमार खड्का, नेपा राष्ट्रिय पार्टीका लक्ष्मण राजवंशी, यसैगरी रामकुमार राई, हरिचरण शाह, यशोदा कुमारी लामा, र स्वतन्त्र सांसद् अतहर कमाल लगायत छन् । यी सबै दलका सांसद् संख्या ३३१ पुग्छ । बहुमत पुग्नका लागि २९९ सांसद् आवश्यक पर्छ । अहिलेसम्म समर्थन गर्ने दललाई जोगाउन सके ओली प्रधानमन्त्री बन्ने पक्काजस्तै भएको छ । मनोनयनपछि ओलीले कांग्रेसले पनि आफूलाई सघाउने दाबी गरे ।

ओलीको मनोनयनको दुई घण्टापछि कोइराला उम्मेदवारी दर्ता गर्न गएका थिए । प्रधानमन्त्री पदबाट राजीनामा बुझाएलगत्तै सुशील कोइरालाले नयाँ प्रधानमन्त्रीका लागि संसद् सचिवालयमा उम्मेदवारी दर्ता गराएका छन् । उनको प्रस्तावक कांग्रेसकै शेरबहादुर देउवा छन् भने समर्थक पनि कांग्रेस नेता रामचन्द्र पौडेल छन् । उम्मेदवारी दर्ता गराएपछि कोइरालाले लोकतान्त्रिक अभ्यास भएकाले पार्टीको निर्णय बमोजिम आफूले उम्मेदवारी दिएको बताए । 'मेरो उम्मेदवारी फिर्ता हुँदैन, यो पार्टीको निर्णय हो,' उनले भने । उनले ओलीले जिते आफूले सहयोग गर्ने र आफूले जिते ओलीले सहयोग गर्ने भन्दै सहकार्य नटुट्ने बताए ।

यसैबीच प्रधानमन्त्री कोइरालाले मधेसी दलसँग सहयोग माग गरेको छ । तराई मधेस लोकतान्त्रिक पार्टीका अध्यक्ष महन्थ ठाकुरलाई टेलिफोन गरेर कोइरालाले सहयोग माग गरेका हुन् । मधेसी मोर्चाले आइतबार बिहान नै बैठक बसेर निर्णय गर्ने बताए । प्रधानमन्त्री निर्वाचनमा समर्थन गर्नेबारे विजयकुमार गच्छदार नेतृत्वको मोर्चा पनि कुनै निर्णयमा पुग्न सकेको छैन ।

यसैबीच नेपाली कांग्रेसका युवा नेता गगन थापाले सभापति सुशील कोइरालालाई प्रधानमन्त्रीको उम्मेदवार बनाउने पार्टीको निर्णले स्तब्ध भएको बताएका छन् । सुशील कोइरालाले पूनः प्रधानमन्त्री नवन्ने घोषणा गरेको केही समय नवित्दै पदका लागि आशक्ति देखाएकोमा उनी आश्चर्य भएको बताए । नेपाली कांग्रेसका केन्द्रीय सदस्य थापाले पार्टी सभापति सुशील कोइरालाको प्रधानमन्त्री पदमा पुनः उम्मेदवारी दिने निर्णय पार्टी र देशका लागि घातक हुने भन्दै सभापतिज्यूसँग प्रधानमन्त्री जित्ने संख्या र एजेण्डा नभएको बेला दर्ता गरिएको उम्मेदवारीले आफुहरु स्तब्ध भएको बताए । कांग्रेसका सबैजसो केन्द्रीय समिति सदस्यको चाहना विपरित कोइरालाले गरेको निर्णयले पार्टी कसैको इशारामा अन्तैबाट चलेको अनुभूति भएको बताए । हामी हाम्रै पार्टीमा छौं वा अरूको इशारामा चल्ने पार्टी भित्र छौं कन्फ्युज भएको भन्दै,' भारतको इशारामा पार्टी नेतृत्व चलेको आरोप सही हुने गरी

*बाँकी अन्तिम पृष्ठमा......*

## ओली–प्रचण्डबीच १४ बुँदे सहमति

**गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं २३ असोज ।**

नयाँ सरकार निर्माणमा एक भएका एमाले र एमाओवादीबीच १४ बुँदे सहमति भएको छ । प्रधानमन्त्री निर्वाचनको पूर्वसन्ध्यामा एमाले अध्यक्ष केपी शर्मा ओली र एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले १४ बुँदे सहमतिमा हस्ताक्षर गरेका हुन् । दुई पार्टीबीच विदेशी हस्तक्षेप स्वीकार नगर्ने सहमति भएको छ । 'नेपाली जनतामा नीहित सार्वभौमसत्ता र नेपाली जनताको आत्मनिर्णयको अधिकारको रक्षा गर्दै बाह्य दबाब र हस्तक्षेप अस्वीकार गर्ने,' सहमतिमा उल्लेख छ । दुई दलबीच भारतको अघोषित नाकाबन्दीको असरलाई ध्यान दिई तत्कालिक र दीर्घकालीनरुपमा अत्यावश्यक वस्तुको आपूर्ति गर्न राष्ट्रलाई आत्मनिर्भर बनाउन नीति र कार्यक्रम तर्जुमा गर्ने सहमति भएको छ । एमाले र एमाओवादी बीच नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधीनता, हित र स्वाभिानको पक्षमा दृढ रहने, संविधान कार्यान्वयनमा अधिकतम सहमति जुटाउने सहमति भएको छ । असन्तुष्ट आन्दोलनरत मधेसी दल तथा थारु समूदायको मागलाई राजनीतिक रुपमै सम्बोधन गर्ने सहमति भएको छ । 'असन्तुष्ट आन्दोलनरत तराई मधेस केन्द्रित दलहरु, थारु समूदाय र विभिन्न रुपमा आफ्ना मुद्धा र आवाज उठाइरहेका आदिवासी जनजाति लगायत अन्य उत्पीडित समूदाय सँग वार्ता मार्फत समस्याको राजनीतिक सम्बोधन गरी समाधान गर्ने,' सहमतिको चौथो बुँदामा लेखिएको छ ।

## नेविसंघका कोइरालालाई फोन धम्की

**पोखरा २३ असोज ।**

नेपाल विद्यार्थी संघ कास्कीका संयोजक सुवास कोइरालालाई धम्की आएको छ । उनलाई शनिवार फोन गरि कुटपिटको धम्की दिएको कोइरालाले जानकारी दिए । कोइरालले भने-'मलाई उपप्रधानमन्त्री प्रकाशमान सिंहका मान्छे हु भन्दै कुपपिटको धम्की दिए ।' उनले नेपाल विद्यार्थी सघंको संयोजक छाड् भन्दै धम्काएको बताए । उनले नेपाल विद्यार्थी संघ कास्कीको अधिबेशन नगरि कुनै पनि हालतमा आफूले न छाड्ने बताए । गन्थनसंग कुरा गर्दै उनले भने-'देशमा अहिले तेल संकटले गर्दा अधिवेशन हुन नसकेको हो, तेलको संकट टर्ने वित्तिकै अधिवेशन हुन्छ ।' 'कसैको धम्कीले अधिबेन नै नगरि छाड्ने कुरा हुँदैन ।' उनले जस्तो सुकु परिस्थितिमा पनि अधिबेशन गराएर मात्रै छाड्ने बताए ।

**कैलाश विकास बैंक लिमिटेडको**
**२२औं वार्षिक साधारणसभा सम्बन्धी सूचना**

यस संस्थाको मिति २०७२/६/८ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार आगामी मिति २०७२ साल आश्विन ३० गते शनिबारका दिन बिहान ९.०० बजेबाट पोखरा ग्राण्ड, बिरौटा पोखरामा संस्थाको **२२औं वार्षिक साधारणसभा** बस्ने सम्बन्धी विस्तृत सूचना मिति २०७२ साल आश्विन ९ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक र आश्विन १० गतेको कारोवार राष्ट्रिय दैनिक प्रत्रिकामा प्रकाशित गरिएको छ । वार्षिक साधारणसभा सम्बन्धी विस्तृत सूचना यस संस्थाको Website www.kailashbank.com मा पनि राखिएको छ । शेयरधनी महानुभावहरुले उक्त सूचना थाहा नपाउनुभएको भए यसै सूचनालाई आधार मानी उक्त वार्षिक साधारणसभामा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

कैलाश विकास बैंक लि.
KAILASH BIKAS BANK LTD.
(रजिष्टर्ड कार्यालय, काठमाडौं, फोन नं.४४४३०३४)

## जनप्रिय क्याम्पसलाई थप व्यवस्थित बनाउनुपर्छ–बराल

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २३ असोज ।**



पोखरा उपमहानगरपालिका वडा नं. ८ सिमलचौरमा रहेको जनप्रिय बहुमुखी क्याम्पस पोखराको १७औँ साधारणसभा शनिबार सम्पन्न भएको छ । साधारण सभाको उद्घाटन गर्दै क्याम्पसका संस्थापक अध्यक्ष प्रेमनारायण बरालले उच्चस्तरीय शिक्षाको लागि क्याम्पसले प्रगति गरिरहेको भन्दै थप व्यस्थित गरेर आफू अघि बढ्नुपर्नेमा जोड दिए । उनले जनप्रिय बहुमुखी क्याम्पसमा अध्ययन गरेका विद्यार्थीहरुलाई विभिन्न क्रियाकलाप हरुमा क्रियाशिल बनाउँदै नेपालको अध्ययनले वैदेशिक रोजगारीभन्दा स्वदेशी उद्यमी बनाउने खालका शिक्षा दिनुपर्नेमा जोड दिए । कार्यक्रममा सल्लाहकारहरु रामजी बराल, पर्शुराम बराल, देवराज चालिसेले क्याम्पसको नाम अझ व्यापक बनाउन विद्यार्थी, शिक्षक र कर्मचारीका साथै सम्पूर्ण सदस्यहरु एक भएर लाग्नुपर्ने भन्दै अझ क्रियाशिलमैत्री शिक्षा योजनालाई जोड दिनुपर्ने बताएका थिए । सोहि अवसरमा बोल्दै सिनेटर वीरेन्द्र विजुक्छेले क्याम्पसले लिएका नीति निर्माणलाई सबैले एक साथ भएर सञ्चालन गर्नुपर्नेमा जोड दिए । क्याम्पस सञ्चालक समितिका अध्यक्ष दामोदर चालिसेको सभापतित्वमा भएको कार्यक्रममा कोषाध्यक्ष जनकराज पराजुलीले २०७२/०७३ को १० करोड २१ लाख ६० हजार ८ सय २४ को अनुमानित बजेट प्रस्तुत गरेका थिए भने क्याम्पस प्रमुख विरञ्जी गौतमले क्याम्पसले हासिल गरेका उपलब्धिहरु बताउँदै भावी कार्यक्रम सहित शैक्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए । प्रस्तुत प्रतिवेदन सभाबाट पारित समेत गरिएको भने कार्यक्रममा स्वागत उपाध्यक्ष इन्द्रबहादुर कुँवरले, धन्यवाद ज्ञापन क्याम्पस सञ्चालक सदस्य तेजनारायण अधिकारीले र सञ्चालन सञ्चालक सदस्य राजु पौडेलले गरेका थिए ।

**हार्दिक बधाई एवं शुभकामना**

**श्री गोविन्द शर्माज्यूलाई**

हाम्रा आदरणीय काका, पृथ्वीनारायण बहुमुखी क्याम्पस पोखराका भूगोल विषयका सह–प्राध्यापक, नेपाल प्राध्यापक संघ गण्डकी–धवलागिरि अञ्चल विशेष समितिका साथै पृथ्वीनारायण बहुमुखी क्याम्पस समितिका अध्यक्ष श्री **गोविन्द शर्माज्यू** पोखरा विश्वविद्यालयको गरिमामय **रजिष्ट्रार** पदमा नियुक्त हुनुभएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै सफल एवं पूर्ण कार्यकालको शुभकामना व्यक्त गर्दछौं । साथै उहाँको कार्यकालमा विश्वविद्यालयले शैक्षिक, भौतिक एवं समग्र विकासमा महत्वपूर्ण उपलव्धि हासिल गर्न सकोस् भन्ने कामना गर्दछौं ।



श्री गोविन्द शर्माज्यू

नरहरि पौड्याल
**शुभेच्छा मेडिकल हल**
पृथ्वीचोक, पोखरा

धनप्रसाद पौडेल
**सफल इलेक्ट्रिकल्स ट्रेनिङ सेन्टर**
जिरोकिमी, पोखरा

**अमेरिका जाने सुनौलो अवसर**

**EDV 2017**

Photo Editing को सम्पूर्ण कार्य E-spot Nepal को Head Office Kathmandu बाट गरिने छ।

यो वर्ष गण्डकीका नेपालीहरूलाई
EDV 2017 पर्ने बढि सम्भावना
किनभने १८ वर्षको अनुभव भएको
हजारौं नेपालीहरूलाई Green Card दिलाउन सफल भएको
नेपालको सबै भन्दा बढि EDV पर्ने ठाउँ

**E-Spot Nepal**

जहाँबाट तपाईको भाग्य खुल्छ

को शाखा कार्यालय

**पोखरा**
सिद्धार्थ चोक, चिप्लेढुङ्गा
U.F.O. सँगै ☎ 5 39 883

मा खुलेको सहर्श जानकारी गराउन चाहन्छौं । माथि उल्लेखीत ठाउँ बाहेक गण्डकीमा हाम्रो अरू कुनै पनि शाखा नभएको जानकारी गराउन चाहन्छौं।

EDV नभरे त पर्दै पर्दैन भरे अवश्य पर्न सक्छ

■ पुरानो कोट लगाउ र नयाँ पुस्तक किन ।

- थोरो

## सम्पादकीय . .

# इन्धन पहुँचवालाको हातमा

भारतले गरेको अघोषित नाकाबन्दीले थलिएको व्यवसायलाई सुधार्ने र पेट्रोलियम पदार्थलाई सहज बनाउने विषय राष्ट्रिय समस्या हो । तर कास्की लगायत जिल्ला तहमा पनि समस्या माथि राजनीतिक, प्रशासनिक र पहुँचवालाको हातमा घुमेको छ । आयात गर्ने काम राष्ट्रको भएपनि आएकोलाई व्यवस्थापन गर्ने जिम्मा प्रशासनको हो । तर दिनदिनै कष्टकर बन्दै गएको जनजीवनलाई सहज बनाउने काममा हाम्रो प्रशासनले अगुवाइ गर्न सकेको छैन । जिल्लामा तेल आएपछि प्रशासनको निगरानी र सिफारिसमा वितरण गरिन थालिएको छ । तर त्यसबाट सार्वजनिक यातायातका साधनहरु मारमा परेका छन् । नीजि सवारीले लुकिछिपी तेल भरेका छन् भने यात्रुबाहक सवारी अलपत्र छन् । राजधानीका लागि सवारी छुटाएर २० देखि ३० लिटर तेल भरिदिने प्रशनसनले बीच बाटोमा पुगेर अलपत्र परेका यात्रीको समस्यालाई बुझ्न सकेको छैन । एक साता देखिनै यस्ताखालका समस्या देखिएको छ । पोखराबाट काठमाडौंका लागि छुटेको एक माइक्रोबस नौविसेमा पुगेर तेल सकिएपछि अलपत्र हुँदा यात्रीले दु:ख पाए । चालकले अन्य सवारी साधनमा यात्रीलाई गन्तव्यमा पठाएपनि उनले गाडीमै रात कटाएको यथार्थ छ । त्यसप्रति ३० लिटर मात्र तेल भरेर पठाइदिएको प्रशासनलाई त्यो समस्या बोध छैन । प्रशासनसंग सल्लाह गरेर निश्चित बसलाई मात्र तेल दिने भनेपनि गन्तव्यसम्म पुग्ने तेल पाएका छैनन् । नाकाबन्दीकै कारण अधिकांश बासिन्दाहरु गाउँदेखि हिंडेरै सदरमुकाम आउजाउ गरेका छन् भने खाद्यान्न, लत्ताकपडा र अन्य उपभोग्य सामाग्रीको खरिद विक्री पनि न्यून भएको छ । व्यवसायीले दशैंको व्यपार नहुने देखेर घर फर्कने तयारी गरिसकेका छन् । नेपाल भित्र र भारतबाट आउने औषधि पनि अभाव भएको छ । गम्भीर प्रकृतिका विरामीले खाने औषधि अभावले जुनसुकै दुर्घटना हुन सक्ने स्थिति छ । जिल्लाका गोदामहरु रित्ता भएका छन् । बढीमा एक महिनाका लागि खाने दालचामल भएको अनुमान गरिएपनि त्यसको समानुपातिक वितरण प्रक्रिया छैन । कसको घरमा बढी सामानको स्टोर छ खोजी खासै छैन । मजदुर वर्गहरुले हातमुख जोर्न नसक्ने भैसकेका छन् । उनीहरुको समस्यालाई बुझ्नेगरी स्थानीय श्रोत साधनको प्रयोग र व्यवस्थापनमा ढीला नगरीकन लाग्नुपर्ने भएको छ । थलिएको व्यपार व्यवसायलाई उकास्नका लागि राज्यले तत्काल पेट्रोलियम पदार्थलाई सबै मुलुकबाट आउने व्यवस्थापन गर्न जरुरी छ । एउटै देशको भर पर्दा पाएको धोका पहिलो पटक होइन भन्ने जानेर पनि पारवाहन सम्झौतामा गरिएको ढिलाइले नेपालीलाई पराधिन बनाउने प्रयास भैरहेको छ । नेपाललाई उपनिवेश बनाउन खोज्ने कामलाई राजनीतिक नेतृत्वले पुरा हुन नदिई राज्यभएको अनुभूति दिने गरी काम गर्न आवश्यक भैसकेको छ । घरदैलोमा आएको चाडपर्वमा नेपाली जनताले रमाउने अवसर पाउने वातावरण बनाउनुपर्छ । नत्र नयाँ संविधान बनेर पनि नेपाली जनताले दु:ख पाइरहने, व्यवसाय थलिने हो भने आर्थिक समृद्धिको बाटोमा हामी कसरी जान सक्छौं ? यो घटनाले हामीलाई थप काम गर्ने र कसैको मात्र भर नपरी अगाडि बढ्ने प्रेरणा मिल्नुपर्छ ।

## आजको पञ्चाङ्ग

**मिति २०७२ साल आश्विन २४ गते आइतबार, तदनुसार अक्टुवर ११ सन् २०१५, श्रीशाके १९३७, नेपाल संवत् ११३५, कीलकनामक: संवत्सर:, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शरद ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार आश्विनकृष्ण (पितृ) पक्ष चलिरहेको छ । सौरमान अनुसार आज आश्विनकृष्ण (पितृ) पक्षको चतुर्दशी तिथि ४५ घटि ३४ पला अर्थात रातिमा १२ बजेर १५ मिनेट सम्म त्यसउप्रान्त अमावश्य तिथि लाग्नेछ । आज सूर्य कन्या राशिमा, चन्द्रमा सिंह राशिमा अहोरात्र रहनेछ । आज दिनमान २९ घटि ४ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर १ मिनेटमा रौद्र मुहूर्तमा हुनेछ भने सूर्यास्त साँझ ५ बजेर ३९ मिनेटमा हुनेछ ।**

## आजको राशिफल

**मेष :** पुरानो कार्यबाट आम्दानीमा एक्कासि बृद्धि, सहयोगी हातहरु बढ्नेछन्, धर्मकर्ममा मन जानेछ समय शुभ छ ।

**वृष :** पारिवारिक किचलो थपिनाले मानसिक चिन्ता बढ्दै जानेछ, नकारात्मक सोचाईले गर्दा आफैलाई घाटा हुनेछ ।

**मिथुन :** स्वास्थ्य भरपर्दो हुनेछैन, खानेकुरामा सतर्क रहनुहोला, जोसँग पनि विवाद पर्न सक्नेछ, चनाखो भई कार्य शुरु गर्नुहोला ।

**कर्कट :** नयाँ मित्रसँग भेट, आर्थिक क्षेत्रबाट लाभ पाइने, अधुरो कार्य पुरा हुने सम्भावना दिन महत्वपूर्ण रहनेछ ।

**सिंह :** आम्दानीमा गिरावट आउनेछ, समय विवादित रहनेछन, चुनौतिमाथि चुनौति थपिनेछ चनाखो हुनुहोला ।

**कन्या :** मित्रहरुबाट सहयोग पाइनेछ, कला क्षेत्रमा अभिरुचिबढ्ने, एकमुष्ठ रकम संकलन हुने, स्वादिष्ट व्यञ्जन प्राप्त हुनेछ ।

**तुला :** पारिवारिक विरोध खेप्नुपर्ने, आफ्नै पेशाबाट घाटा हुन सक्ने, सामाजिक कचिलोले गर्दा दिनभर चिन्ता पर्नेछ ।

**वृश्चिक :** शत्रुबाट मानसिक पीडा थपिनेछ, पारिवारिक झगडाले ठूलै रुप लिनेछ, आफन्तबाट विशेष कार्यमा धोका हुने।

**धनु :** दैनिक कार्य अधुरा हुन सक्नेछ, विरोधीहरु सक्रिय हुदै जान सक्नेछन, स्वास्थ्य हानी समय तथा दिन खराब रहनेछ ।

**मकर :** एक्कासि धन तथा जमिन लाभ पाइने, नयाँ कार्यमा लगानी हुन सक्नेछ, दिन सबै प्रकारले शुभ रहनेछ ।

**कुम्भ :** आफ्नै पेशाबाट नोक्सान व्यहोर्नुपर्ने, यात्रा गर्दा कठिनाई, पढाईमा मन नजाने, समय खराब छ सतर्क रहनुहोला ।

**मीन :** शैक्षिक तथा सामाजिक प्रगति हुने, प्रेमप्रसँग सुमधुर रहन सक्नेछन्, आदर सत्कार पाइने ठाउँमा सरिक हनु पाइनेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

# चीनमा पेट्रोल कति छ ? नेपालमा ल्याउँदा कति पर्छ ?

✍ अरुणकुमार सुवेदी

यसपटकको नेपाल-भारत तनावमा नेपालले परम्परागत रुपमा चिनियाँ कार्ड खेले पनि चिनियाँ कार्डको स्वरुप भने अलग प्रकारले चर्चामा आएको छ । यो तिक्त अवस्था नेपालमा दशकौंदेखि चली आएको पश्चिम वनाम भारत वा पश्चिम वनाम भारत-चीन शीतद्वन्द्वको पछिल्लो परिदृश्य हो । यसले राष्ट्रको स्थायित्व र अखण्डतामा चुनौति दिएता पनि केही अवसर पनि लिएर आएको प्रतीत हुन्छ । यही अवसर मध्येको एक विषय लिएको छु, चीनसँगको पेट्रोलियम पदार्थको सम्भावित व्यापार । यसलाई लामो रोदन वीचको अल्प मुस्कानझैं लिएर स्वप्नकार लेख्न चाहन्छ :

**पेट्रोलियम पदार्थमा चीनको अवस्था**

चीन आफैं पेट्रोलियम पदार्थको निर्यातक राष्ट्र होइन । उसले आफ्नो कुल मागको ५४ प्रतिशत आयात गर्छ । त्यसमध्ये सबैभन्दा बढी खाडीक्षेत्रबाट आयात हुने गर्छ चीनले आफ्नो उत्पादन पूर्वीय र दक्षिण तटीय क्षेत्रमा नै बढी खपत गर्छ । आयातीत कच्चा तेल पनि तटीय क्षेत्रमा नै आउने र आफ्नो उत्पादन पनि त्यही क्षेत्रमा रहेबाट चीनको ९० प्रतिशत पेट्रोलियम रिफाइनरी त्यही क्षेत्रमा छन् । बाँकी गान्सुको ल्यान्चाउ र सिन्जियाङमा छन् । चीनको व्यापारिक तथ्याङ्क हेर्दा इन्धनमूलक पेट्रोलियम उत्पादन निर्यात गरेको देखिन्न, उत्तर कोरियालाई छाडेर । यस अवस्थामा नेपालसँग पेट्रोलियम पदार्थको दीर्घकालीन व्यापार चीनले गर्ला, नगर्ला पक्कै प्रश्ननीय कुरा हो ।

**सम्भावित रुटहरु**

१. भौगोलिक निकटताको हिसावमा सिचुवानको चेङदुबाट यान-लाङकाङ बेसिन-नु बेसिन हुँदै तिब्बतको ञ्यालुङ सेङपो ग्रेट क्यानीयोन क्षेत्र पार गरी मेदोक( नियान्ची-लासा हुँदै नेपाल ल्याउन कम दुरी हुने देखिन्छ ।

तर, यसको भौगोलिक विकटता यति ठूलो छ कि चीन स्वयमंले ल्हासामा रेल ल्याउन यो रुट रोजेन । यसको सट्टा छिन्गाइबाट टेंगला पर्वतमाला कटाएर ल्याउन सजिलो मान्यो । त्यस क्षेत्रबाट पाइपलाइन ल्याउन पनि नेपाल र तिब्बतको उपभोग परिमाणले थेग्न सक्दैन । त्यसकारण यो रुट सम्भव देखिन्न ।

२. छिन्गाइ र गान्सुका कुवाहरुबाट प्राप्त पेट्रोलियम पदार्थ लेन्चाउको रिफाइनरीमा प्रशोधन गरिन्छ । यो सहर छिन्गाइको राजधानी सिनिङ र अर्को शहर गोलमट हुँदै ल्हासासँग रेलले जोडिएको पनि छ, यसकारण यो रुट मात्र निर्विकल्प देखिन्छ नेपालका लागि ।

**मूल्य कति पर्ला ?**

अहिले चीनको पेट्रोलको औषत खुद्रा मूल्य नेरुमा १०९ को हाराहारी (अमेरिकी डलर १.०४)पर्न जान्छ जसमा १.५२ चिनिया युवान कर हुने गर्छ । यसको गणितका आधारमा पेट्रोलको एक्स रिफाइनरी मूल्य ८० रुपैयाँसम्म पर्न जानेछ । नेपालमा अहिले पेट्रोलको मूल्य प्रतिलिटर १०३ रुपैयाँ छ ।

यदि लेन्चाउबाट आयात गर्ने हो भने चीनको सामान्य ढुवानी दर रेल र सडक मिलाउँदा ०.१५ युयान प्रति कि.मि, प्रति के.एल पर्न जान्छ । लेन्चाउवाट लासा २२०० कि.मी र काठमाण्डौ थप १००० कि.मि गरेर जम्मा ३२०० कि.मि पर्दछ । अर्थात काठमाडौं सम्मको १००० लि. को ढुवानी ४८० युयान पर्न जानेछ । जर्ती भाडा र एक्स रिफाइनरी मूल्य गरी रु ९० को हाराहारी पर्न जाने देखिन्छ । सरकारले अहिले पेट्रोलमा विभिन्न खाले कर र मु.अ.क गरी रु २६ प्रतिलिटर लिने गर्दछ । नेपाल आयल निगमको शिरोभार खर्च, मुनाफा, पेट्रोल पम्पको मुनाफा, एवं जर्ती मिलाउँदा आजको मूल्यमा १२५ देखि १३० रुपैयाँसम्म प्रतिलिटर पर्ने देखिन्छ ।

त्यस्तै डिजेलमा परल मूल्य कम भएता पनि करको कारणले ११५रुपैयाँ प्रतिलिटरसम्म पर्ने इन्टरनेटको अध्ययनबाट देखिन्छ ।

**भारतको प्रसङ्ग :**

चीनले नेपालको विषयलाई लिएर भारतसँग पञ्जा लडाउला ? यो अर्को महत्वपूर्ण विषय हो । नेपालमा अहिले भारतको विकल्पमा चीनलाई जसरी बहसमा ल्याइएको छ, त्यसरी नै चीनको अवस्था बुझ्ने कोशिस भने गरिएको छैन । अहिले भारतले देखाएको प्रतिक्रियात्मक कुटनीतिको जड भारत वा मोदीलाई कमजोर बनाउने र चीनलाइ घेर्न भारतीय नेतृत्वलाई आफुसँग आउन बाध्य पार्ने पश्चिमी रणनीतिसँग नेपाल उभिन पुग्नु नै हो । यति कुरा विश्व शक्तिराष्ट्र चीनले नबुझ्ने कुरै छैन । यसकारण भारतको अघोषित नाकावन्दीको प्रतिकृयामा हामीले जति तातो रुपमा चिनियाँ कार्ड खेल्यौं, चीनको रेस्पोन्स भने त्यसको सापेक्षमा चिसो रहेको देखिन्छ ।

जतिखेर चीन र भारतको सम्वन्ध अत्यन्त तनावपूर्ण थियो, त्यसबखत पनि चीनले आफूलाई असर नपर्ने गरी भारतसँग नै असल सम्बन्ध राख्न नेपाललाई सझाव दिएकै हो । कुरा स्पस्ट छ, त्यस समयदेखि आजसम्म नेपाल नामको भारी बोक्न चीन तयार देखिँदैन । नेपाल-भारत सम्वन्ध एकपटक फेरि तनावग्रस्त भएको छ । ०१६ सालदेखि नै एकअर्कावीच घनिष्ट सम्बन्ध छ भन्नुपर्ने वाध्यता भएको तर विश्वास र भरोषापूर्ण सम्वन्ध कहिल्यै नभएको अवस्था हो नेपाल भारत सम्वन्ध ।

सह-सांस्कृतिक विरासत र सहभुक्तिको नागरिक सम्वन्ध रहेका यी दुई राष्ट्रहरुमा यस्तो सम्वन्ध रहनु दुबैको कुटनीतिक र रणनीतिक असफलता हो । यस्तो तरल सम्वन्ध-आधार भएका राष्ट्रहरुवीच समय-समयमा तनाव उत्पन्न हुनु स्वभाविक हो । यसपटक भारतलाई चीनसँग रणनीतिक साझेदारी गर्ने महेन्द्रकालीन धूर्त घुर्क्याइँबाट बाहिरिएर नेपालले सामान्यरुपमा आफ्नो व्यापारिक विकल्पका रुपमा अगाडि ल्याएको छ । यद्यपि कुटनीतिक, राजनीतिक र मिडियानीतिक टिप्पणी भने त्यही महेन्द्र मोडेलको धूर्त घुर्क्याइँ वा भारत विरोधी हुनु नै राष्ट्रवादी हुनु हो भन्ने कम्युनिष्ट क्लासिकल सोचमा व्यापक रहेको देखिन्छ । नेपाल भारत सम्वन्धलाई लिएर मैले यथेष्ट लेखेको पनि छु र हालसालै प्रकाशित पुस्तक जल सपनामा पनि लामै विश्लेषण गरेको छु । परिस्थिति वस केही प्रसंगहरुको पुनरुक्ति हुनुपर्ने भयो ।

**भारत–चीन सम्बन्धको वर्तमान अवस्था**

आधुनिक भारतको जन्मकाल अर्थात् स्वतन्त्र भारतको स्थापना कालमा नेहरू मोडेलको विदेश सम्बन्ध थियो, जसलाई शान्त र सहनशील मोडेलका रूपमा लिन सकिन्छ । त्यस बखत भर्खरमात्र साम्यवादी भएको चीनमा माओत्सेतुङले अलि आक्रामक र दबावकारी विदेश नीति अवलम्बन गरेका थिए । चीन अमेरिकाको घोर विरुद्धमा थियो र आफूलाई एक्लो सक्षम शक्तिका रूपमा प्रस्तुत गरिरहेथ्यो । राष्ट्र सघको सदस्य पनि नरहेको चीनले म्याकमोहन रेखालाई अन्तर्राष्ट्रिय सीमा नमान्ने उद्घोष गर्दै युद्ध हुनुपूर्व नै मनोवैज्ञानिक युद्धको उद्घोष गरिसकेको थियो ।

त्यसबखत अमेरिकासँग पनि कुनै साझेदारी नभएको र सन्य शक्तिमा खास सुदृढ गरिनसकेको भारतमाथि तीव्र दबाव थियो जसको परिणामस्वरूप युद्ध नै भयो । सायद यो हिमालयका दुईतर्फी राष्ट्रहरूवीचको सम्बन्ध सर्वाधिक दु:खद अध्याय थियो ।

चीन-भारत युद्ध पश्चात् भारतले पाकिस्तानसँग पनि युद्ध लड्नुपर्‍यो । त्यसपछिको भारत, खासगरी इन्दिरा गान्धीकालीन भारतको विदेश नीति भने नेहरूको भन्दा एकदमै अलग देखिन्छ, आक्रामक र हस्तक्षेपकारी । त्यसताका दक्षिण एसियामा कस्ता घटना भए, इतिहासमा अङ्कितै छन् । इन्दिरा गान्धीकालीन परराष्ट्र नीतिले नेपाली कांग्रेसमा खासगरी बीपी कोइरालामा पनि तीव्र प्रतिक्रियात्मक तथा रक्षात्मक सोच उत्पन्न भएको विश्लेषण छ यस स्वप्नकारको, जसको परिणाम थियो-मेलमिलापको सिद्धान्त । आज भारत र चीन दुबैको परराष्ट्र नीतिमा आमूल परिवर्तन आएको छ । तनावहरू शान्त भएका छन् । दुबैले विवादहरू थाती राखेर आपसी निर्भरता र सम्बन्ध अगाडि बढाइरहेका छन् ।

चीनका लागि भारत त्यो बजार हो जहाँ समग्र युरोपका धनीहरूको पूरा आवादी बराबर धनी मानिसहरू छन् । पूरा अमेरिकाको जनसङ्ख्या बराबरको मध्यम वित्तीय जनसङ्ख्या छ र पूरा अफ्रिकाका गरिबहरू जति गरिब भारत एक्लैमा छन् अर्थात् उपभोक्ता बजारको कसीमा भारत एक्लै युरोप, अमेरिका र अफ्रिका बराबर छ । अर्कातर्फ औद्योगिक र पूर्वाधार विकासमा पनि भारतको बजार अत्यन्त ठूलो छ ।

चीनजस्तो निर्यातमूलक अर्थ प्रणाली भएको राष्ट्र कुनै पनि सर्तमा भारतलाई गुमाउन चाहन्न । यस्तै भारतका जरुरतहरूका लागि चीनजस्तो सस्तो स्रोत अर्को छैन । तिनै वस्तुहरू युरोप वा अन्य राष्ट्रवाट आयात गर्नुपरेमा भारतको व्यापारघाटा झनै ठूलो हुनेछ । अर्को महत्वपूर्ण कारण हो, सामरिक अर्थतन्त्र । यी दुबै राष्ट्र अत्यन्त लामो र विकट सिमानाले छुट्याइएका छन् ।

यदि तनावका कारण सीमाक्षेत्रमा सामरिक क्रियाकलाप गर्नुपर्‍यो भने दुबैका लागि अत्यन्त प्रत्युत्पादक हुनेछ । यी सबै पक्षलाई मनन गरी भारतले नेपाल-ममला र अन्य अन्तर्राष्ट्रिय मुद्दामा चीनसँग निकट सम्बन्ध बनाउने संकेतहरू यथेष्ट देखापरिरहेछन् । भारतको परराष्ट्र नीतिलाई यस दिशातर्फ लैजान प्रधानमन्त्री मोदीलाई त्यति सहज भने छैन । भारत एउटा उदार प्रजातान्त्रिक देश भएकाले गैरसरकारी संस्थाहरू मार्फत् जनताको भावना चीन विरोधी बनाउनलाई पश्चिम परिपालित संस्थाहरू लागेका छन् । विगतको भारत-चीन सम्बन्धको अवस्था र परराष्ट्र नीतिले पनि त्यस्तो भावनालाई थोरबहुत बल पुगेकै हो । भारतीय प्रेसले पनि पश्चिमभन्दा चीनलाई बढी लक्ष्य बनाइरहेका छन् । पश्चिमा विश्व विद्यालयहरूबाट उत्पादित विद्वानहरूको भावभूमि त झन् यसैतर्फ लक्षित छ । यसकारण चीनसँगको सम्बन्ध अनुकूल बनाउन मोदीले धेरै अप्ठ्याराहरू पार गर्नु पर्नेछ ।

अर्कातर्फ भारतले अमेरिकाको दबाव धेरै क्षेत्रबाट झेलिरहेछ । मध्य एशिया अफगानिस्तान खाडी मुलुक र अस्टेलियामा अमेरिकाको सन्य उपस्थिति नै छ । दियागो ग्रासियामा बेलायतको सैन्य अखडा छ । तेल मार्फत् पनि भारतले ठुलै दबाब झेलिरहेछ । कोइला पनि अस्ट्रेलियाबाट ल्याइरहेछ । भारतीय रुपैयाँमाथि बढ्दै गएको अमेरिकी डलरको मौद्रिक दबाव त्यत्तिकै महत्वपूर्ण छ । यी सबै दबावहरूलाई सन्तुलन गर्न ब्रिक्स मार्फत् नयाँ कूटनीतिकमार्गमा मोदीजी हिँडेका सङ्केतहरू आइसकेका छन् । यसका अतिरिक्त अमेरिकामा रहेको भारतीयहरूको ठुलो जनसंख्या पनि भारतको महत्तवपूर्ण शक्ति हो ।

अमेरिकामा रहेका चिनियाँहरू वर्तमान चिनियाँ संस्थापनको विपक्षमा छन् । भारतीयहरू भने भारतीय संस्थापनको पक्षमा देखिन्छन् । यो भारतका लागि ठुलो कूटनीतिक सम्पत्ति हो । मोदीजस्ता तेजतरार राजनीतिज्ञले यही सम्पत्ति मार्फत् अमेरिकी संस्थापनलाई दह्वा सङ्केतहरू दिन सक्दछन् ।

चीनमाथि पनि सानो दबाव छैन । मध्य एसिया, जापान, दक्षिण कोरिया, ताइवान, फिलिपिन्स समेतबाट चीनमाथि अमेरिकाको सैन्य दबाव छ । अमेरिका र युरोपमा रहेको चिनियाँ जनसङ्ख्या मार्फत् पनि चीनको संस्थापनलाई ठुलै दबाब निर्माण भइरहेछ ।

अर्को, चीनमा बढ्दै गएको खिस्तानी सांस्कृतिक अतिक्रमणले चीनलाई ठुलै चुनौती दिने सम्भावना छ । संसारमा दक्षिण कोरियापछि सबैभन्दा तीव्र गतिमा धर्मान्तरण भइरहेको जनसङ्ख्या चिनियाँ हो । यही स्थिति रहेमा दुई दशकभित्र संसारको सबैभन्दा ठुलो खिस्तानी एकल जात चिनियाँ हुन सक्ने प्रक्षेपण गर्न सकिन्छ । जुन चिनियाँ संस्थापनका लागि ठुलो चुनौती हो ।

समग्रमा नेपालका दुबै महान् छिमेकीहरू सामरिक दबाव तीव्रतर रूपमा भोगिरहेछन् । यो पक्ष दुबै राष्ट्रहरूलाई एकैठाउँमा उभिन लगाउने कारण बन्दैछ । यदि वर्तमान प्रयत्नहरू सकारात्मक रूपमा अगाडि बढेमा भारत(चीन सम्बन्ध नयाँ अध्यायमा प्रवेश गर्नेछ, गर्नै पर्नेछ । यसको सीधा अर्थ छ( भारतसँगको सुखद सम्बन्धमात्र चीनसँग पनि राम्रो सम्बन्ध निर्माण गर्ने पूर्वसर्त बन्न सक्दछ ।

भारत चीन सम्बन्ध तनावपूर्ण रहँदा र तनाव शिथिलीकरण भइरहँदा पनि चीनले बारम्बार नेपाल-भारत सम्बन्ध विश्वसनीय हुनै पर्ने कुरामा जोड दिएको तथ्य सबैलाई जानकारी नै छ । विडम्बना के छ भने, त्यसअनुसार नेपालले आफ्नो विदेश नीतिलाई परिमार्जन गर्न सकिरहेको छैन ।

**स्रोत : अनलाइन खबर**

# बन्द सीमा तत्काल खोल्न आग्रह

**पोखरा २३ असोज ।(गोल्डेन)**

चाडवाडको मुखमा जारी अघोषित नाकाबन्दीका कारण नेपाली जनजीवन गंभीर रुपमा प्रभावित भएको भन्दै सिमाको अवरोध तत्काल खोल्न पश्चिमाञ्चाल होटल संघ पोखराले भारत सरकारसँग आग्रह गरेको छ । नाकाबन्दीका कारण नेपाल र भारतको सदिऔं पुरानो संवन्धमा समेत आँच आउने वातावरण सिर्जना हुन लागेको बताउँदै संघका अध्यक्ष भरतराज पराजुलीले भारतका तर्फबाट लगाइएको नाकाबन्दी खोल्न आग्रह गरेका हुन् । नाकाबन्दीका कारण भारतले आधा दर्जन भन्दा बढी सन्धि र कानुन उल्लंघन गरेको मात्र नभई यसले विशाल लोकतन्त्र भनिने भारतको अमानवीयता समेत प्रकट भएको संघले जनाएको छ । नाकाबन्दीका कारण भियना सन्धि, सामुद्रिक कानुन, विश्व व्यापार संगठन सम्बन्धि कानुन, पारवहन सन्धि, व्यापार सन्धि, एसियाली हाइवे सम्झौता, साफ्टा कानुन, विमस्टेक कानुन लगायत थुप्रै सन्धि र कानून उल्लंघन भएको संघका अध्यक्ष पराजुलीले बताए । सिमाबाट अत्याबश्यक सामान लगायत पेट्रोलियम पदार्थको आपूर्ति ठप्प प्राय भइरहँदा समेत भारतले नाकाबन्दी नलगाएको भन्ने जस्ता भनाई र स्टेटमेण्ट जारी गर्दा नेपालीहरु झनै दु:खित भएको समेत संघले बताएको छ । नाकाबन्दीका कारण खाना पकाउने ग्याँस नहुँदा नेपालको शहरी जीवन नराम्रो गरी प्रभावित भएको र सवारीमा इन्धन नहुँदा मानिसहरु आवतजावत गर्न समेत समस्या परेको स्मरण संघले गराएको छ ।

# भारतीय हस्ताक्षेपको विरोध, युवासंघमा हस्ताक्षर

**पोखरा २३ असोज ।(गोल्डेन)**

विगत लामो समयदेखि भारतले लगाउँदै आएको नाकाबन्दी विरुद्ध एवं "भारतीय हस्ताक्षेपको विरोध गरौं, राष्ट्रिय स्वाधिनताको रक्षा गरौं" भन्दै भारतीय हस्तक्षेपको विरुद्ध हस्ताक्षर अभियान अन्तर्गत शनिवार पोखराको महेन्द्रपुलमा युवा संघ नेपाल अञ्चल कमिटी गण्डकीको आयोजनामा हस्ताक्षर कार्यक्रम सम्पन्न भएको छ ।

हस्ताक्षर अभियानको प्रमुख अतिथि संघका केन्द्रीय सचिव माधव बाँस्तोलाले उद्घाटन गर्दै बरु हामी दाउरामा पकाउन तयार छौं, खाली गोडा हिड्नका लागि खुसी छौं, तर भारतीय हस्ताक्षेप विरुद्धमा सबै नेताहरु एक हुनको लागि अनुरोध गर्दछौं भने । संविधान जारीसँगै भारतले नाकाबन्दी गर्नु मधेशवादी दलहरुले पचास लाख मर्नेलाई दिने उद्घाटन गर्दै आन्दोलन गर्नु र देशलाई सिक्कीमिकरण गर्न खोज्नु दुर्भाग्यपूर्ण भएको बताउँदै जारी संविधानलाई रक्षा गर्ने काम युवाहरुको दायित्व हो र आन्दोलनमा पचासलाख दिने उद्घोषण गरेका मधेशवादी दलका नेताहरुको घरजग्गा बेचेर भएपनि मृतकहरुलाई पचासलाख दिने अभियानमा अब युवा संघले मुख्य भूमिका खेल्ने बताए । कार्यक्रममा युवा संघका केन्द्रीय सदस्य पूर्ण लामा, केन्द्रीय सदस्य हरि लम्साल लगायत विद्यार्थी नेताहरुको उपस्थिति रहेको थियो । युवा संघ नेपाल गण्डकीका अध्यक्ष नवराज ओझाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत उपाध्यक्ष महेन्द्र गुरुङ्ग र कार्यक्रमको संचालन युवा परिषद्का सदस्य सुवास सापकोटाले गरेका थिए ।

**पार्लर विक्रीमा**

पोखराको विन्ध्यवासिनी स्थित अत्यन्त चालु अवस्थामा रहेको एक व्युटी पार्लर विशेष कारणवश विक्रीमा रहेको छ । ईच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क:
९८४६११५२३७
९८१७१११४०४

**अनेक समस्या सफल उपचार**

ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्वन्धि समस्या
महिनामारी गडबढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मसिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पित्तास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दु:खाई ठिक पार्ने मसाज तेल ।
फ्रि होम डेलिभरि
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

**पोखरामा पहिलो पटक**

यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्वल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
ढाँड तथा जोर्नी दुखाइ ठिक पार्न, सन्धी सुधा पेनलिल।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्वल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

# हिमालयन बुद्ध फाउण्डेशनको साधारणसभा, सिग्देल सम्मानित

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २३ असोज ।**

हिमालयन बुद्ध फाउण्डेशन कास्की नेपालको नवौं वार्षिक साधारण सभा शनिवार सम्पन्न भएको छ । त्यसअवसरमा युवा पत्रकार नवीन सिग्देललाई सम्मान गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि संस्थाका संरक्षक क्या. कर्णबहादुर गुरुङ र अध्यक्ष तेजकुमार गुरुङले उनलाई सम्मान पत्र प्रदान गरेका थिए। सोहि कार्यक्रममा कान्तिपुर टेलिभिजनका पत्रकार बसन्त अधिकारीलाई १० हजार रुपैया आर्थिक सहयोग प्रदान गरिएको हो। गतवर्ष भएको दुर्घटनामा परी घाइते भएका पत्रकार अधिकारीको उपचारमा सहयोग पुऱ्याउने उदेश्यले उनलाई आर्थिक सहयोग प्रदान गरिएको हो। त्यसैगरी कार्यक्रममा संस्थाका संरक्षक क्या। कर्णबहादुर गुरुङलाई सम्मान गर्नुको साथै संस्थाकी कर्मचारी अनिता गुरुङलाई उत्कृष्ट



कर्मचारीका रुपमा पुरस्कृत गरिएको थियो। साधारणसभाले अध्यक्ष तेजकुमार गुरुङ र कोषाध्यक्ष विश्वबहादुर गुरुङले प्रस्तुत गरेको प्रतिवेदन पारित गरेको छ । कार्यक्रममा बोल्दै संस्थाका संरक्षक क्या कर्णबहादुर गुरुङले संस्थाले दिन प्रतिदिन प्रगति गर्दै अघि बढेको उल्लेख गरे।

उनले संस्थालाई माथि उठाउन संस्थाका सदस्यहरुले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए। संस्थाका कानूनी सल्लाहकार रामचन्द्र त्रिपाठीले संविधान कार्यन्वयनमा सवैको ध्यान जान आवश्यक भएको बताए। उनले स्पष्ट लक्ष्यका साथ अघि बढेका संस्था मात्रै दीर्घकालिन रुपमा संचालन भएको उल्लेख गरे। पोखरा उपत्यका नगर विकास समितिका पूर्वअध्यक्ष विश्वप्रकाश लामिछानेले गैर सरकारी संस्थाहरु आफ्नो लक्षित उदेश्य हासिल गर्नतर्फ अघि बढ्नुपर्ने बताए। कास्कीमा दर्ता भएका अधिकांश गैर सरकारी संस्था निष्कृय हुदाँ हिमालयन बुद्ध फाउण्डेशन भने स्थापित संस्थाका रुपमा परिचित भएको उनको भनाई छ। सम्मानित पत्रकार नवीन सिग्देलले काम नै व्यक्ति तथा संस्थाको पहिचान हुने भन्दै जटिल अवस्थामा पनि काम गर्नबाट पछि सर्न नहुने उल्लेख गरे। हिमालयन बुद्ध फाउण्डेशन कास्की नेपालका अध्यक्ष तेजकुमार गुरुङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष रामप्रसाद अधिकारीले स्वागत र सचिव यदुनाथ अधिकारीले कार्यक्रम संचालन गरेका थिए। ११ वर्षअघि स्थापित संस्थाले शिक्षा र स्वास्थ्यका क्षेत्रमा कामगर्दै आइरहेको छ भने न्युन आय भएका महिलाहरुमा सीप विकास गरी आत्मनिर्भर बनाउन प्रयास गरिरहेको छ। त्यसैगरी, कास्कीका सामुदायिक विद्यालयका विद्यार्थीहरु लाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका ज्ञानबर्द्धक पुस्तकहरु उपलब्ध गराउन घुम्ती पुस्तकालय समेत संचालन गरेको छ ।

# तीन करोडको लगानीमा पिपलडाली मसला उद्योग



**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २३ असोज ।**

घर गाउँ कै जडिबुटी र मसलाहरु प्रयोग गरे पोखरामा स्तरीय मसला उत्पादन भएको छ । पोखरा २० आर्वामा करिब ३ करोडको लगानीमा मसला उद्योग संचालनमा ल्याएको हो । उद्योगको पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विन्दुकुमार थापाले शुक्रबार उद्घाटन गरे । देउराली टेष्ट एण्ड कम्पनीले पिपलडाली मसला बजारमा ल्याएको हो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि समेत रहेकम थापाले उद्योग संचालनबाट रोजगारी सृजना भएको भन्दै नेपाल विकासमा योग्दान दिने बताए । उनले नेपाल मै उद्योगहरु बढाउँदै लैजानु पर्ने भन्दै त्यसले गर्दा विदेशीने युवाहरुलाई देश मै रोक्न सकिने बताए । उनले भारतको नाका बन्दीका कारण अहिले नेपालमा असज परिस्थित आएको भन्दै त्यसलाई समाधान गर्न सरकारले छिटो पहल थाल्नु पर्ने बताए । उद्योग संचालनबाट भारत माथीको परनिर्भरता कम हुने बताए ।

कार्यक्रममा उद्योगका मार्केटिङ्ग म्यानेजर कमल लामिछाने, व्यवस्थापक विनोद अधिकारी लगायतले स्वदेश मै स्थतरीय मसला उत्पादन गरि संचालनमा ल्याएको बताए । उद्योगका संचालक कृष्णराज बाँस्तोलाले नेपालका विभिन्न ठाउँबाट ल्याएका जडिबुटी र स्थानीय उत्पानलाई मिलाएर स्तरीय मजला उत्पादन गरेको बताए । उनले भने-'जडि बुटीको प्रयोग गरेका कारण मानिसको स्वास्थयमा कुनै असर नगर्ने गरि मसला उत्पादन गरेका छौं ।' उनले रुकुम, रोल्पा, दाङ, तुल्सीपुर र हिमाली भेगदेखि ल्याएका जडिबुटी हर्रो, बर्रो, अमलाको प्रयोगगरि मसला उत्पादन गर्ने बताए । उनले कम्पनीले अहिले दैनिक १ हजार किलो उत्पादन गर्दै आएको बताउँदै दैनिक ५ हजार किलो उत्पादन क्षमता रहेको बताए । उनले अहिले बजारमा १५ देखि ३ सय ५० रुपैयाँ मसला बजारमा ल्याएको बताए । उनले अहिले २० जनालाई रोजगारी दिइ ६० वटा ब्राण्डका मसला उत्पादन गर्दै आएको बताए ।

अहिले बजारमा बेसार, खुर्सानी, मिट मसला, सब्जी मसला, चाउमिन मसला, मम मसला, चाट मसला लगाएतको उत्पादन गरेर बजारमा गएको बताए । व्यवस्थापक विनोद अधिकारीले अहिले पोखरा आसपासका जिल्लामा मसलाको बिक्री वितरण गरिने बताउँदै एक वर्षभित्र नेपालका सबै जिल्लामा पुऱ्याउने लक्ष्य रहेको बताए । उनले अहिले बजार विस्तार गर्दै जाने बताउँदै एक वर्ष भित्र नेपालका सबै ठाउँमा पुग्ने लक्ष्य कम्पनीले लिएको बताए ।

# शान्तिघाट आमा सम्हूको चौथो साधारणसभा

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २३ असोज ।**

पोखरा उपमहानगरपालिका वडा नं. ९ शान्तिवनमा रहेको शान्तिघाट आमा समूहको चौथो वार्षिक साधारणसभा शनिवार सम्पन्न भयो । कार्यक्रममा विजयादशमी, शुभ दीपावली एवं छठपर्वको शुभकामना आदन-प्रदान समेत गरिएको थियो ।

कार्यक्रमको उद्घाटन गर्दै महिला अधिकार मञ्चकी केन्द्रीय सदस्य राधा गौतमले महिलाहरुले विगतदेखि नै विभिन्न खालको हिंसाको सामना गर्दै आउनु परिरहेको बताइन । उनले बर्तमान अवस्थासम्म आईपुग्दा महिलाहरु धेरै नै सचेत भएको भएपनि अझै पनि केही हदसम्म हिंसाको सामना गरिरहन परेको स्पष्ट पारिन । उनले भननि-'महिला हिंसा न्युनिकरणका लागि गाउँ-गाउँ, टोल-टोलमा गठन भएका आमा समूहहरु, टोल विकास संस्थाका साथै अन्य सामाजिक संघ-संस्थाहरुकृ आगुवाइमा महिला तथा घरेलु हिंसा विरुद्ध आवाज उठाउन थप मद्धत मिलेको छ ।' कोही कसैले पनि हिंसा सहन लुकाउन नहुने भन्दै कार्यक्रमकी प्रमुख अतिथि समेत रहेकी गौतमले हिम्मत नहार्न र हिंसामा परेका महिलाहरुलाई सबैले आ-आफ्नो



क्षेत्रबाट सक्दो सहयोग गर्नुपर्नेमा जोड दिइन ।

कार्यक्रममा विशेष अतिथि वडा सचिव लोक दर्शन कोईराला, टोल विकास संस्था वडा समन्वय समिति पोखरा-९ का अध्यक्ष उत्तम जोशी, सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समिति कास्कीका अध्यक्ष विष्णुबहादुर भट्टराई, वडा नं. ९ नगर महिला वडा समन्वय समितिका अध्यक्ष दिलमाया गुरुङ, शान्तिवन वाटिका टोल विकास संस्थाका अध्यक्ष बलराम पहारी, शान्तिवन आमा समूहकी अध्यक्ष कृष्ण कुमारी चौधरी, सत्येश्वर आमा समूहकी अध्यक्ष बिष्णु माया श्रेष्ठ, समाजसेवी दुर्गा देवी पहारी, नेकपा एमाले वडा नं. ९ का अध्यक्ष प्रकाश शर्मा, वडा नागरिक मञ्चका संयोजक लेखुराम खती लगायतले आ-आफ्नो भनाइ राखेका थिए । समूहकी अध्यक्ष निरु रानाभाटको अध्यक्षतामा भएको कार्यक्रममा सचिव सरस्वती श्रेष्ठले वार्षिक कार्य प्रगति प्रतिवेदन प्रस्तुत गर्नुका साथै कार्यक्रम संचालन, कोषाध्यक्ष प्रतिमा गुरुङले आयब्यय आर्थिक प्रतिवेदन प्रस्तुत गरेकी थिईन । कार्यक्रममा उपाध्यक्ष लक्ष्मी पहारीले स्वागत मन्तव्य राखेकी थिइन ।

कार्यक्रममा समाज र टोल विकास संस्थालाई विशेष सहयोग प्रदान गर्ने पोखरा-९ शान्तिवनका दुर्गा देवी पहारी, शान्तिवन टोल विकास संस्थाका उपाध्यक्ष शेषनारायण पौडेल र शान्ति दर्शन पार्क निर्माण समितिका अध्यक्ष बेलदास पहारीलाई सम्मान गरिएको थियो ।

# घामपानी सहकारीको साधारणसभा

**पोखरा २३ असोज ।(गोल्डेन)**

छरिएर रहेको पुँजीलाई संकलन गरी सहकार्यको भावना बढाउने अभिप्रायले स्थापित घामपानी सहकारीको वार्षिक साधारणसभा सम्पन्न भएको छ । वार्षिक साधारणसभाले सचिव ध्रुवराज पोखरेल, कोषाध्यक्ष किरण बराल, लेखा संयोजक गणेश बहादुर अधिकारीद्वारा प्रस्तुत प्रतिवेदनलाई अनुमोदन गरेको छ ।

संस्थाका अध्यक्ष विरेन्द्रनारायण विजुक्छेको अध्यक्षतामा भएको कार्यक्रममा सशस्त्र प्रहरीका एसएसपी प्रविण कुमार श्रेष्ठ, शिक्षाविद् राम बहादुर थापा, प्राध्यापक डा.अक्कलदेव मिश्र, सराङ्गकोट बहुउद्देश्यीय सहकारीका सचिव कृष्ण थापा, सुविधा सहकारीका अयक्ष विश्व कुमार विजुक्छे, उपाध्यक्ष निल बहादुर थापा, प्रबन्धक रविन्द्र तिवारी, बल बहादुर थापा लगायतले शुभकामना मन्तव्य राखेका थिए । एक वर्ष अगाडि स्थापना भएको संस्थामा हाल ४८ जना शेयर सदस्य ४६ लाख शेयर पुँजी र एक करोड ऋण लगानी रहेको छ । उक्त अवसरमा कृषि उद्यमी प्रोत्साहन कर्जा लिने नारायण प्रसाद ढकाललाई सम्मान गरिएको थियो ।

# कामना सहकारीमा शुभकामना आदान-प्रदान

**पोखरा २३ असोज ।(गोल्डेन)**

कामना बचत तथा ऋण सहकारी संस्था लि. पोखराले विजयादशमी तथा शुभदीपावलीको पावन अवसरमा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा प्रमुख अतिथि पोखरा उद्योग वाणिव्य संघका अध्यक्ष विन्दु कुमार थापाले देशको अहिलेको विषम परिस्थितिमा सहकारीले विशेष भूमिका खेल्न पर्ने र आर्थिक मेरुदण्डको भूमिका रहनु पर्ने कुरामा जोड दिए । कार्यक्रममा संस्थाका सल्लाहकार टुवराज बाँस्तोला विशालले सहकारीसँग सहकार्य नगरी आर्थिक तथा सामाजिक विकास नहुने कुरामा जोड दिए ।

उक्त अवसरमा संस्थाका सदस्य माधव प्रसाद तिमिल्सिना, शेयर सदस्य माधव प्रसाद सिग्देलले संस्थाको गतिविधि र सहकार्यको आवश्यकतामा जोड दिएका थिए । संस्थाका अध्यक्ष कृष्ण बहादुर थापाको सभापतित्वमा सम्पन्न कार्यक्रमको संचालन सचिव प्रकाश बज्राचार्यले गरेका थिए । स्मरण रहोस्, कामना बचत तथा ऋण सहकारी संस्था विगत ३ वर्षदेखि विभिन्न क्षेत्रमा लगानी गर्दै आइरहेको र भाद्र २७ गतेदेखि पोखरा ट्रेड मल चिप्लेढुङ्गाबाट आर्थिक कारोवार गर्दै आइरहेको छ ।

# शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम

**पोखरा २३ असोज ।**

इशानेश्वर करापुटार पोखरा सम्पर्क समाजको विजयादशमी तथा शुभ दिपावलीको शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा बोल्दै समाजका सल्लाहकार ज्ञानप्रसाद अधिकारीले इशानेश्वर र करापुटार आसपासबाट पोखरा आएर बसेकाहरुको समाज गठन गरेर समस्यामा परेकाहरुलाइ सहयोग गर्नुपर्ने बताए ।

उनले अहिले समाजलाइ दर्ता गरी सबै करापुटारबासीलाइ समाज आफ्नै हो भन्ने अपनत्वको विकास हुनुपर्ने बताए । कार्यक्रममा बोल्दै सल्लाहाकार शिव कुमार श्रेष्ठले आफू जन्मेको गाउँको अति नै माया हुने भन्दै गाउँलेहरुलाई पोखरामा देख्दा गाउँनै पुगेको आभाष हुने बताए ।

त्यस्तै अर्का सल्लाहाकार छविलाल सुवेदीले करापुटार गाउँबाट सहर उन्मुख भैरहेको भन्दै करापुटारको महत्वको रुपमा रहेको सन्तानेश्वर महादेवको रुपमा परिचत इशानेश्वर महादेवलाई प्रचार प्रसारमा समाजले भूमिका खेल्नुपर्ने बताए ।

कार्यक्रममा जिल्ला मालपोत कार्यालय कास्कीका मालपोत अधिकृत दिव्यराज घिमिरेले ढिलै भएपनि राम्रो कामको शुरुवात भएको बताउदै समाजलाइ संगठित गर्नपनि चुनौती रहेको बताए । कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंक तालचोकका प्रबन्धक मेदिनी विलास घिमिरे, सल्लाहकारहरु त्रिलोचन घिमिरे, गजराज घिमिरे, इन्द्र प्रसाद पौडेल, बिन्दुराज घिमिरे लगायतले समाजको आवस्यकता र भावी कार्यक्रमको बारेमा आ-आफ्ना धारणा राखेका थिए । कार्यक्रममा अध्यक्ष ऋषीकेशव सुवेदीले समाजको प्रस्तावित विधानको बारेमा जानकारी गराउनु भएको थियो भने कोषाध्यक्ष किरण घिमिरेले समाजको आयव्ययको बारेमा जानकारी गराउनु भएको थियो । समाजका सचिव बलराम घिमिरेले संचालन गरेको कार्यक्रम अध्यक्ष ऋषिकेशव सुवेदीको अध्यक्षतामा भएको थियो ।


## हार्दिक समवेदना

जन्मः
१९८५ असार



ब्रम्हलीनः
२०७२ असोज १२ गते

स्व. गम्भीरमान श्रेष्ठ

हाम्रा पुजनीय बुबा गम्भीरमान श्रेष्ठको यहि २०७२ असोज १२ गते दुःखद् निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तव्ध भएका छौं । उहाँको निधन भएको आज १३औं दिनको पुण्य तिथिमा ब्रम्हलीन आत्माको चिरशान्तिको कामनाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

योगेन्द्र प्रधान — डा. जिज्ञासु प्रधान
अर्जना प्रधान — मेघा प्रधान



गोल्डेन न्यूज राष्ट्रिय दैनिक अब अनलाइन मा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on :
www.goldennews.com.np



## खुशीको खबर !



के तपाईलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुत्री, बाँझोपन हटाउने ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९



## विदेश जानेहरूका लागि सुवर्ण अवसर

**Macow, Abudabi** को **Spark, Middle East, Star** र **Al Jaber Coin** दुवई र कतारको **Grup-4 Security** कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

**हाम्रा विशेषताहरू :-** अन्तर्वार्ता धमाधम भइरहेको छ ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराइने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल

सम्पर्क | **फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५५०२५२, मो. ९८४६०-४१४९२



प्रो. वद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्का : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७

## ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस

चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४

शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतवन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।

(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)



## अमेरिकन डेम्लोम्याटिक सेक्युरिटी तालिमको अवसर

१. State department एवं अन्य देशहरुबाट सेक्युरिटी तालिम प्राप्त, धेरै देशहरुमा सेक्युरिटी सुपर भाइजरका साथै सेक्युरिटी कन्सल्टेन्टमा काम गरेर अनुभव बटुल्नुभएका दक्ष, अनुभवी प्रशिक्षकबाट प्रशिक्षण गराइने ।
२. Dubai को DPS आवुधावीको PSBD कतारको Grup4 मकाउ, बहराइन, मलेसिया एवं Europe, America का deplometic Security तालिम छुट्टा-छुट्टै दिइने ।
३. व्यवहारिक एवं सैद्धान्तिक ज्ञान पूर्णरुपमा हासिल गराउने ।
४. शान्त वातावरणमा फराकिलो Classroom मा Securrity गार्डको Theory & Practical गराइने ।
५. अंग्रेजी भाषा सिकाउनुका साथै अंग्रेजी बोल्न सक्ने बनाउने ।
६. Interview का लागि तयारी बनाउने ।
७. तालिम पश्चात विदेश जानका लागि सर्टिफिकेट उपलव्ध गराइने ।
८. विदेश जान ईच्छुक हुनुहुने दाजुभाई तथा दिदीबहिनीहरुलाई परामर्श तथा प्रशिक्षण दिइने ।
९. नेपालमै विभिन्न संघसंस्था वित्तीय क्षेत्र बैंक, कलकारखाना, उद्योग, कलेज, स्कूल, हस्पिटलहरु आदि इत्यादि ठाउँहरुमा सेक्युरिटी गार्ड उपलव्ध गराइने ।

**आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.**

सम्पर्क : ९८४६३५५३४२ (डिसी अर्याल), ९८५६०२३८६२ (जितबहादुर) ९८०६७०८२४६, ९८०६७०८२४७, ०६१-५३०७२४ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेश कम्प्लेक्सको दोस्रो तला)



जीवन के.सी. मो. ९८५६०-३८०६६ ९८०६६-४०६८५

## पञ्चमुखी लक्ष्मी सप्लायर्स

हवेलीमार्ग, काजीपोखरी
पोखरा-१८

विवाह, ब्रतबन्ध, भोज तथा अन्य कुनै कार्यको लागि सफा खानेपानी चाहिएमा हामीलाई सम्झनुहोस् ।



## सस्तोमा जहाज टिकट

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747



## Study in Japan

Intake for January & April-2016
City of your choice
Tokyo | Chiba | Nagoya | Fukuoko | Sendai | Osaka | Okinawa | Gunma ken & many more ...

& China
Dalian | Nantong

1. SLC मा उत्तिर्णले apply गर्न सकिने
2. Part Time Job ग्यारेन्टी
3. Work Visa मा Change गर्न मिल्ने
4. विश्वविद्यालय जान सकीने
5. NAT & JLPT Not required
6. IT Job-Guaranteed Course for IT bachelor Students

Free Processing for Master, Bachelor & +2 First Divison Students*

Contact: WE MAKE YOUR FUTURE BRIGHT
MIRAI INTERNATIONAL EDUCATIONAL CONSULTANCY
Mahendrapool, Bastholathar (Medicalline), Pokhara
061-520113, 9856046980, 9846646980
miraiinternational.edu.cons@gmail.com

# पोखरा ट्रेड मल संचालनको तयारीमा

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ असोज ।



पोखराको चिप्लेढुङ्गा, मानव अधिकार चोकमा स्थापित पोखरा ट्रेड मल औपचारिक संचालनको तयारीमा रहेको छ। पोखरा ट्रेड मल एण्ड हाउजिङ्ग प्रालिले निर्माण गरेको पोखरा ट्रेड मल असोज २६ गते घटस्थापनाका दिनदेखि संचालनमा आउने बताएको छ। ट्रेडमलको उद्घाटन नेपाल सरकारका मुख्य सचिव डा. सोमलाल सुवेदीले गर्ने बताइन्छ। ट्रेड मलको औपचारिक उद्घाटन गरि संचालनमा आउन लागेको महलका अध्यक्ष विन्दु कुमार थापाले पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए। उनले २०६९ साल चैत ५ गतेदेखि निर्माण शुरु गरि संचालनको अन्तिम तयारीमा पुगेको बताए। उनले मलमा ४ सय १० वटा व्यावसायिक प्रयोजनका सटर, ९३ वटा सटरमा विभिन्न कार्यालय, व्यवसायिक प्रतिष्ठान, गोदाम, चमेना गृह आदिका लागि प्रयोग भएको जानकारी दिए। उनले माथिल्लो भागमा रेष्टुरेण्ट, अर्को तफर्को भागमा स्तरीय मल्टिप्लेक्स सिनेमा हल २ वटा, फुर्डकोर्ट, गेमिङजोन रहेको जानकारी दिए। उनले लोअर ग्राउण्डमा ६५ सय बर्गफिट क्षेत्रफलमा डिपार्टमेन्टल स्टोर्स रहेको जानकारी दिए। त्यसैगरि अन्य तलामा फेन्सी, कस्मेटिक, थान कपडा, बुटिक, लेडिज तथा जेन्स पार्लर, मोवाईल तथा एसेसरिज, किचन सामाग्री, सुन पसल, बैंक तथा वित्तीय संस्था रहेका छन्। भवन र जग्गा गरि १ अरब ६ करोड लगानी भएको पोखरा ट्रेड मल एण्ड हाउजिङ्ग प्रालिका प्रबन्धक मिनराज काफ्लेले जानकारी दिए। उनले करिब मलमा करिब २ अरब लगानी भएको जानकारी दिए।

# बगर प्रहरी प्रमुख क्षेत्रीलाई बिदाई

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ असोज ।



वडा प्रहरी कार्यालय बगरका प्रमुख, प्रहरी निरीक्षक अमरबहादुर थापा क्षेत्रीलाई बिदाई गरिएको छ। टोल विकास संस्था वडा समन्वय समिति पोखरा उपमहानगर पालिका वडा नं.३ ले क्षेत्रीलाई बिदाई गरेको हो। प्रहरी निरीक्षक थापा वडा प्रहरी कार्यालय बगरबाट सरुवा भई प्रहरी प्रधान कार्यालय तालिम मानव स्रोत विकास विभाग अन्तर्गत तालिम निर्देशनालयमा जान लागेका हुन्। करिव १५ महिना वडा प्रहरी कार्यालय वगरमा रहेका प्रहरी निरीक्षक थापालाई पोखरा उपमहानगर पालिकाका वरिष्ठ कार्यक्रम अधिकृत ओमराज पौडेल र टोल विकास संस्था वडा समन्वय समिति पोखरा-३ नदस्पुरका संयोजक विष्णुशंकर खुवाउजुले अविर खादा र मायाँको चिनो प्रदान गरि विदई गरेका थिए। कार्यक्रममा वडा नगारिक मञ्च, विभिन्न संघ संस्थाका प्रतिनिधि, आमसमूहले प्रहरी निरिक्षक थापालाई खादा तथा अविर लगाई विदाई गरेका थिए। कार्यक्रममा वडा प्रहरी कार्यालय वगरमा १५ महिनाको समयमा प्रहरी निरीक्षक थापाले नागरिकहरु संग हातेमालो गरेर काम गरेको भन्दै प्रशंशा व्यक्त गरेका थिए। यस क्षेत्रमा प्रहरी निरिक्षक थापाले शान्ति सुरक्षाका लागि खेलेका भूमिका अतुलनीय रहेको बताउँदै उनीहरुले जहाँ रहे पनि यस क्षेत्रको शान्ति सुरक्षामा चासो राख्न आग्रह गरे। कार्यक्रममा प्रहरी निरीक्षक थापाले आफ्नो कार्यकालमा सहयोग गर्ने सवैलाई आभार प्रकट गरे। मेरो कार्यकालमा जो जसले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नुभयो उहाँहरुलाई म यसै कार्यक्रम मार्फत धन्यवाद दिन चाहन्छु थापाले भने-म यहाँ नरहेपनि यस तपाईहरुले मलाई फोन गनुहोस् म जहाँ रहेपनि सहयोग गर्न तयार छु। उनले वडा प्रहरी कार्यालय वगर हात भित्र निर्माण गरिएको मन्दिरमा सहयोग गर्ने सहायोग दातलाई समेत धन्यवाद दिदै आगमि दिनमा पनि सहयोगको अपेक्षा गरे। कार्यक्रममा नेपाल प्रहरीको नदीपुर विटमा सहयोग गर्ने सहयोग दातलाई सम्मान गरिएको थियो। नदीपुर विटका लागि आवश्यक पर्ने सामग्रीहरु सहयोग गर्ने सहयोग दातलाई सम्मान गरिएको नदीपुर विटका प्रमुख प्रहरी हवल्दार हेमबहादुर क्षेत्रीले जानकारी दिए।

# दलको सत्ता झगडाले उवलब्धि रक्षा भएन-सिंह

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ असोज ।



नेकपा मसालका महामन्त्री मोहन विक्रम सिंहले ठूला आन्दोलन पछि पार्टीहरु सत्ताका लागि झगडा गर्दा उपलब्धी सुरक्षित हुन नसकेको बताएका छन्। राष्ट्रिय जनमोर्चा कास्कीले शनिबार पोखरामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा सिंहले आन्दोलनका उपलब्धि सुरक्षित नगर्दा भारतले चलखेल गर्ने ठाउँ पाएको बताए।

उनले भने-नेपालको राजनीतिमा आन्दोलनको समाप्ति पछि सत्ताका लागी झगडा गर्दा उपलब्धि गुमे, सत्ताका लागि भारतको सर्मथन खोज्दै हिंड्छन्।' उनले भारतले नेपालको संविधान र प्रधानमन्त्री चयन प्रक्रियामा हस्तक्षेपकारी भूमिका निर्वाह गर्न खोजेको आरोप लगाएका छन्। भारतले नेपालको संविधान आफूले भने जस्तो नभएकोमा नाकाबन्दी गरेको र प्रधामन्त्री चयन प्रक्रियामा पनि हस्तक्षेप गर्नका लागि नाकाबन्दी कडा पारेको बताए। अर्धभूमिगत रुपमा रहेका नेकपा मसालका महामन्त्री सिहले नाकावन्दी र मधेशवादी दलको आन्दोलनलाई सामना गर्न सबै राजनैतिक पार्टीहरु एकआपसमा मिलेर सहमतिको आधारमा नयां सरकार बन्नु पर्नेमा जोड दिए। नेपालका राजनीतिक दलहरु मिलेर अगाडी बढ्ने हो भने भारतको हस्तक्षेपकारी भूमिका एकपछि अर्को गर्दै असफल बन्दै जाने उनको दावी छ।

# युआरएलमा दशैं तिहार छुट

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ असोज ।

पोखराको न्यूरोडमा रहेको युनाईटेड रेफरेन्स ल्याबोरेटरीले दशैं तिहारको अवसरमा २० प्रतिशत छुट दिने भएको छ। नेपालीहरुको ठूलो चाड बिजया दशमी तथा शुभ-दीपावलीको पावन अवसरमा रगतबाट होल बढी परीक्षणमा २० प्रतिशत छुट दिएको सन्चालक ठाकुर प्रसाद पन्तले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए। उनले सेवाग्राही एवं शुभ-चिन्तकहरुमा दशैंमा अझ खुसी थप्न युनाईटेड रेफरेन्स ल्याबोरेटरी छुट सेवा दिएको बताए। उनले रक्तपरीक्षण माध्यमबाट शरिरको सम्पूर्ण अङ्गहरुको स्वास्थ्य परीक्षण अर्थात होलबडि चेकअपमा २० प्रतिशत छुटको ब्यवस्था गरेको बताए। छुट योजना असोज १७ गते देखि कार्तिक ३० गते सम्म संचालन हुने पान्तले जानकारी दिए।

# २४औं मानसिक स्वास्थ्य दिवस मनाइयो

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ असोज ।

कास्की जिल्लामा मानसिक स्वास्थ्यको क्षेत्रमा काम गर्ने संस्थाहरुको छाता संगठन मानसिक स्वास्थ्य संजाल कास्कीले २४औं मानसिक स्वास्थ्य दिवस पोखरामा विविध कामर्यक्रमको आयोजन गरि गरेर मनाएको छ। मानसिक स्वास्थ्य दिवस अन्तर्गत सञ्जालले जिल्ला जनस्वास्थ्य कार्यालय कास्कीबाट प्रभातफेरी ऱ्याली निकालेको हो। जनस्वास्थ्य कार्यालय कास्कीबाट शुरु भएको प्रभातफेरी ऱ्याली रानिपौवा, महेन्द्रपुल, चिप्लेढुङ्गा हुँदै मानवअधिकार चोकमा आएर सभामा परिणत भएको थियो। ऱ्यालीको औपचारिक शुरुवात जिल्ला जनस्वास्थ्य कार्यालय कास्कीका वरिष्ठ जनस्वास्थ्य अधिकृत सागरप्रसाद घिमिरेले गरेका थिए। दिवसको अवसरमा पश्चिमाञ्चल विकास क्षेत्रमा मानसिक स्वास्थ्य सवालमा उत्कृष्ट कार्य गरेवापत कोपिला नेपाललाई सम्मान गरिएको थियो। सोहि अवसमार मानसिक महत्व भन्ने विषयमा आयोजन गरिएको उच्च मावि स्तरिय निबन्ध प्रतियोगीता विजय विद्यार्थीलाई पुरस्कार समेत वितरण गरिएको थियो। प्रतियोगितामा सन्तोष गुरुङ प्रथम, आस्था पौडेल द्वितीय र अम्विका थापामगर तृतीय भएका थिए। उनिहरुलाई नगद एक हजार पाँच सय, एक हजार, पाँच सय र प्रमाण पत्र वितराण गरिएको थियो।

दिवसकै अवसमार वि जी अस्पतालमा निःशुल्क मानसिक स्वास्थ्य जाँच सेवा तथा नेपाल हाउसद्धारा मनोविमर्श सेवा प्रदान साथै कोपिला नेपालद्धारा एक हप्ताका लागि निःशुल्क मनोविमर्श सेवा प्रदान गरिएको छ। कार्यक्रममा जिल्ला जनस्वास्थ्य कार्यालय कास्कीका जनस्वास्थ्य अधिकृत बोधराज सुवेदी, कोपिला नेपालकी कार्याकारी निर्देशक विना सिलवाल, कार्यक्रम संयोजक तीर्थबहादुर थापाले बोलेका थिए।

मानसिक स्वास्थ्य संजाल कास्कीका संयोजक डा.निर्मल लामिछानेको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको सञ्चालन मनोसामाजिक विमर्श मञ्चकी अध्यक्ष जमुना शर्माले गरेकी थिईन्। सञ्जालमा कोपिला नेपाल, वि.जि अस्पताल, नेपाल रेडक्रस सोसाईटि कास्की शाखा, नौलो घुम्ती नेपाल, नेपाल हाउस कास्की , सि वि आर एस, बाल सुधार गृह, मनोसामाजिक मनोविमर्श मञ्च, सि डब्लु इ एस रहेका छन्।

# अझै भेटिएन एयरक्राफ्ट

पोखरा २३ असोज ।(गोल्डेन)

विहिवार बिहानदेखि बेपत्ता पोखरा अल्ट्रालाईटको एयरक्राफ्ट जहाज शनिबार भेटिएको छैन। दुई दिन सम्म खोजी गरेपनि जहाज र त्यसमा सवार पाईलट तथा यात्रु दुबै सम्पर्कमा नरहेका पोखरा विमानस्थलले जनाएको छ।

विहीवार पोखरा विमानस्थलबाट बिहान १० बजेर ३५ मिनेटमा यात्रु लिएर उडेको नाइन एन ए एल आइ कलसाईनको क्लोज एयर क्राफ्ट जहाज उडान भरेको ६ मिनेटमै सम्पर्क विहिन भएको थियो। एक घण्टाको लागि यात्रु लिएर अन्नपुर्ण क्षेत्र तर्फ उडेको जहाजको अवस्था अझैपनि पत्तो लाग्न नसकेको हो।

जहाजको अन्तिम सर्म्पक १० वजेर ४१ मिनेटमा भएको थियो। जहाज ११ वजेर ३५ मिनेटमा पोखरा विमानस्थल फर्किसक्नुपर्ने थियो। जहाजमा पाइलट रसियन नागरिक ६० बर्षिय भ्यालरी बुटिन सहित यात्रु साउथ अफ्रिकन नागरिक ५० बर्षीय एलिजा वेथ वेल सवार थिए। शुक्रवार पनि दिनभर खोजी गरिएको भएपनि नभेटिएको हो। शुक्रबार नभेटिएपछि शनिबार समेत खोजी सुरु भैसकेको छ। जहाज सहित दुबै जनाको अवस्था अज्ञात छ। वेपत्ता जहाजको खोजीको लागि दिनभर पोखरा अल्ट्रालाईटको अन्य एयर क्राफ्ट तथा हेलिकप्टर परिचालन गरिएको भएपनि कुनै जानकारी पाउन सकिएको छैन। जहाज दुर्घटनामा परेको आशंका गरिएको छ।

पोखरा अल्ट्रालाईट कम्पनीले भित्र्याएको दुई वटा क्लोज एयर क्राफ्टले गत बर्षको कार्तिक १० गते देखि उडान थालेको थियो। जर्मनीबाट प्रति जहाज तीन करोड रुपैयाँको दरले ६ करोड लगानीमा भित्र्याएको दुई मध्य एउटा सम्पर्क बिहिन भएको हो। एयरक्राफ्टको शनिबार पनि खोजी गरिने कम्पनीले जनाएको छ।

# प्रधानमन्त्री...

*आकस्मिक रूपमा सभापति कोइराला ज्यू पुन: प्रधानमन्त्री बन्न उम्मेदवारी दिने निर्णय भएको आरोप लगाए।*

*संविधान संशोधन गरेर भएपनि मधेसका जायज मागलाई सम्बोधन गर्नेलगायतका पार्टीका स्पष्ट एजेण्डा राखेर एमालेलाइ प्रधानमन्त्री बनाउन सघाउनु पर्ने हामी केही केन्द्रिय सदस्यले बैठकमा राखेका थियौ तर त्यसको कुनै सुनुवाइ भएन, थापाले भने। 'सार्वजनिक रूपमै उहाँले पुन: प्रधानमन्त्री नबन्ने बताउँदै आउनु भएको थियो,तर एकाएक उहाँ नै प्रधानमन्त्रीको उम्मेदवार बन्ने निर्णय कसरी भयो अच्चमै छ।' सभापतिज्यूले हिजोसम्म प्रधानमन्त्री बन्ने चाहना खुलाउनु भएको थिएन,' थापाका अनुसार हिजोको बैठकमासमेत वरिष्ठ नेता शेरबहादुर देउवा र उपसभापती रामचन्द्र पौडेल दुबैजना प्रधानमन्त्रीका आकांक्षी थिए। 'तर तीनजना नेता गोप्य बैठकमा बसेर सभापति नै उम्मेदवार बन्ने निर्णय के आधारमा लिनुभयो छक्क परेका छौं थापाले भने।*

पश्चिमाञ्चलकै लोकप्रिय पत्रिका 'गोल्डेन न्यूज राष्ट्रिय दैनिक' खोजी-खोजी पढ्ने गरौं।


वविन टेलरिङ एण्ड सर्टिङ-सुटिङ

विगत १७ वर्षदेखि म्याग्दी जिल्लाको बेनीबजारमा संचालित बबिन टेलरिङ एण्ड सर्टिङ-सुटिङको शाखा पोखराको न्यूरोडस्थित भाटभटेनी सुपर मार्केटको आडमा पनि। विभिन्न ब्राण्ड र आकर्षक डिजाइनमा सुपथ मूल्यमा सर्टिङ-सुटिङका लागि एकपटक पुग्नैपर्ने ठाउँ।

BABIN TAILORING & Shirting Suiting
HeadOffice: Hulak Chowk, Myagdi, Beni, Tel.: 069-520760
Branch: Newroad, Pokhara, Tel.: 061-527420
Email: babiinbagdash@yahoo.com,
Web: www.babintailors.com

STUDY IN JAPAN
January/April intake 2016
➔ High Visa Success rate
➔ NAT/JLPT Optional
➔ Audio/ Video को माध्यमबाट पढाइ
➔ College/ City of your Choice
➔ Free language / Documentation
➔ हप्ताको 28 घण्टा काम कलेजले नै खोजिदिने
➔ Gap भएकाले पनि Apply गर्न मिल्ने
➔ जापानमा आफ्नै Hostel र अफिस भएको
कक्षाहरू धमाधम संचालन भइरहेको छ। तुरुन्त सम्पर्क
पोखरा अफिस : JLCC Japanese Language & Culture Center
Chipledhunga, Pokhara (सिटी सेन्टरको ठीक अगाडि)
Ph.:061-535738,9846042399,9803832009
जापान अफिस: Global food trading Co.Ltd.
Ohashi Minami-ko fukuoka-shi, fukuoka, Japan Tel-81922113668








सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, संस्थापक सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा